# देवचुली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

०७८-५७५३९६, ०७८-५७५०१०

ईमेलः Devchulimunicipality@gmail.com


आ.वः ७९।८०

### जिन्सी मालसमान बिक्रि सम्बन्धी बोलपत्र आवह्वनको सूचना।

### दोस्रो पटक प्रकाशित

### सूचना प्रकाशन मितिः२०७९।०७।२५

यस नगरपालिका अन्तर्गतको दुम्कौली प्राथिमिक स्वास्थ्य केन्द्रमा रहेका पुरानो झ्याल ढोका ( जम्मा ४४ थान) न्यूनतम मुल्याङकन रकम रु ३,४३,०००। (अक्षरुपी तिन लाख त्रिचालिस हजार) कायम गरी बोलपत्रको माध्यबाट लिलाम विक्री गर्ने निर्णय अनुसार उक्त सामान आफ्नै खर्चमा उठाई लैजान इच्छुक व्यक्ति संघ संस्था वा फर्मले सिलबन्दी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| लिलाम हुने सामान | संख्या | न्यूनतम मूल्य | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रमा रहेका काठका पुराना झ्याल ढोका | ४४ | ३,४३,०००। (भ्याट रकम बाहेक) | १०००। | |

१) बोलपत्र फाराम दस्तुर वापत रु. १०००। (एक हजार मात्र) पछि फिर्ता नहुने गरी तिरी सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरि १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। उक्त बोलपत्र फाराम यस कार्यालयको प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ।

२) ईच्छुक इजाजत प्राप्त फर्मको हकमा फर्म संस्था दर्ताको प्रमाणित प्रतिलिपि, पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र र व्यक्तिको हकमा प्यान नं र नेपाली नागरिकताको प्रतिलिपि सहितको निवेदन यस कार्यालयमा पेश गर्नुपर्नेछ।

३) बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रको नाम थर, ठेगना, फोन नं समेत खुलाई लाहाछाप लगाई सिलबन्दी गरी पेश गर्नुपर्नेछ।

४) बोलपत्र साथ आफूले कबुल गरेका रकमको १० प्रतिशत हुन आउने रकम एन.आईसी.एसिया बैङ्क, दलदले शाखामा रहेको धरौटी खाता नं ०७७२०५००२९१६५००७ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

५) दर्ता भएका बोलपत्रहरु १६ औं दिन दिनको १ बजे देवचुली नगरपालिकाको कार्यालय, नवलपरासी(ब.सु.पू) मा खोलिनेछ र बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन र उक्त दिन सार्वजनिक विदा भएमा विदा पश्चात कार्यालय खोलेको पहिलो दिन बोलपत्र खोलिनेछ।

६) कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेको बोलपत्रमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएको स्थानमा सही गरेको हुनुपर्नेछ, अन्यथा मान्यता दिईने छैन।

मोहन प्रसाद मरासिनी

प्रमुख प्रशासकीय अधिकृत

७) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएपछि १५ दिन भित्र कवोल रकम दाखिला गरी समान उठाई लैजानुपर्नेछ, अन्यथा बोलपत्र रद्द गरी धरौटी जफत गरिनेछ।

८) लिलाम हुने मालसमान हेर्न चाहनेले कार्यालय समयमा हेर्न सकिनेछ।

९) लिलाम गरिने मालसमानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नुपर्नेछ।

१०) बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

११) यसमा नपरेका शर्तहरु प्रचलित कानून बमोजमि हुनेछन।

मोहन प्रसाद गरासिनी
प्रमुख प्रशासकीय अधिकृत